# मण्डनदेउपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### महादेवस्थान, काभ्रेपलाञ्चोक
### बागमती प्रदेश, नेपाल

☎ ०११४१२११२

दिर्घ रोगि मासिक उपचार खर्च भुक्तानी सम्बन्धि सूचना

(प्रकाशित मितिः २०८३/०४/२०)

प्रस्तुत विषयमा नगरपालिका भित्र रहेका जटिल रोग लागेका बिरामीहरु (मृगौला प्रत्यारोपण गरेका तथा डायलाइसिस गराइरहेका बिरामी, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका) लाई आर्थिक वर्ष २०८२/८३ मा मासिक रुपमा उपलब्ध गराउनु पर्ने उपचार खर्च प्रथम किस्ता(६ महिना)लाई मात्र पुग्ने रकम प्राप्त भई सो भुक्तानी भएको र बाँकि महिनाका लागि नेपाल सरकारबाट समयमा बजेट प्राप्त नहुँदा भुक्तानी गर्न नसकिएको र नगरपालिकाले मन्त्रालयमा पटक पटक पत्राचार तथा सम्पर्क गर्दा आर्थिक वर्षको अन्तिम दिन मात्र नगरपालिकाको खातामा थप रकम प्राप्त भएको र उक्त दिन SuTRA सफ्टवेयरमा समस्या आएर भुक्तानी सिस्टम नचलेको कारण रकम भुक्तानी हुन सकेन । उक्त रकम श्रावण महिनामा भुक्तानी हुने कुरा बिरामीहरुलाई जानकारी गराएका थियौं । तर महालेखा नियन्त्रक कार्यालयले SuTRA सिस्टम अपडेट गरिरहेकाले हाल सम्म पनि भुक्तानी हुन सकेको छैन । महालेखा नियन्त्रक कार्यालयबाट SuTRA सिस्टम अपडेट गर्नासाथ रकम सम्बन्धित बिरामीको खातामा भुक्तानी गरेर पुनः सूचना गर्ने कुरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

२०८३/०४/२०

प्रमुख प्रशासकीय अधिकृत